मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०९)**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स २०७७/०७८, च.न ४०, मिति २०७७/०८/१४ को पत्रानुसार यस मेलम्ची नगरपालिका भित्र आ.व. २०७७/७८ मा संचालन हुने गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका निम्ति तपसिलको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५(पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दर्खास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ७/०७७/०७८ | सुपरिवेक्षक | सहायकस्तर पाँचौ तह | २ |
| २ | ८/०७७/०७८ | गणक | सहायकस्तर चौथो तह | ११ |

**१. आवश्यक न्युनतम योग्यता:**

(क) सुपरिवेक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी कम्तिमा १ महिना तालिम प्राप्त भएको ।

(ख) गणकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी कम्तिमा १ महिना तालिम प्राप्त भएको ।

(ग) उमेर मिति २०७७/०९/२३ मा १८ वर्ष पूरा भइ ४० ननाघेको ।

(घ) स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ ।

२. दरखास्त बुझाउने स्थान : मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक । दरखास्त फाराम मेलम्ची नगरपालिकाको कार्यालय वा कार्यालयको वेभसाइट www.melamchimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. दरखास्त दस्तुर बुझाउने स्थान: यस कार्यालयको नेपाल बैक लिमिटेड, मेलम्ची शाखा, सिन्धुपाल्चोकमा रहेको आन्तरिक राजश्व खाता नं १६८०३००००१००१००००१ मा रकम जम्मा गरिएको भौचर वा कार्यालयमा रहेको राजश्व काउन्टर मा रकम जम्मा गरेको रसिद पेश गर्नु पर्नेछ ।

४. दरखास्त बुझाउने अन्तिम मिति : २०७७/०९/२३ गते सम्म ।

५. आवेदन दस्तुर: सुपरिवेक्षकको लागि रु ५००/-(पाँच सय रुपैयाँ) र गणकको लागि रु ४००/-(चार सय रुपैयाँ) मात्र ।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

- क. व्यहोरा खुलेको निवेदन
- ख. व्यक्तिगत विवरण
- ग. शैक्षिक योग्यताको प्रमाण-पत्र भएमा सोको प्रमाणित प्रतिलिपि
- घ. कम्प्युटर तालिम सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- ङ. नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि
- च. कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि

७. सेवा तथा सुविधाहरु : तोकिए बमोजिम हुनेछ ।

८. करार अवधीः करार अवधी ५ (पाँच) महिना हुनेछ ।

९. छनोटको तरिका: प्रारम्भिक योग्यताक्रमको सुचि र अन्तर्वार्ता ।

१०. थप जानकारीको लागि : प्रशासन शाखा, मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक वा सम्पर्क नं. ९८५११७१९१८

२०७७/०९/०९

..................

सदस्य-सचिव

पदपूर्ति समिति

फोन नं :०११-४०११४१, ०११-४०११४२, ०११ वेबसाईड :www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com

"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, पर्यटन, उद्योग र जलाधार"